# देवदह नगरपालिकाको

## क्षमता विकास योजना

## (२०८१/२०८२-२०८३/०८४)

**Capacity Development Plan**


## देवदह नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

रुपन्देही

लुम्बिनी प्रदेश,नेपाल

फोन नः-०७१-५७७४०३

ईमेलः-info@devdahamun.gov.np

# विषय सूचि


परिच्छेद १- परिचय

१.१ पृष्ठभुमी

१.२ देवदह नगरपालिकाको संक्षिप्त परिचय

१.३ क्षमता विकास योजनाको आवश्यकता तथा आचित्य

१.४ क्षमता विकास योजना तर्जुमा विधि र प्रकृया

१.५ क्षमता विकास योजनाका सिमाहरु

१.६ कार्यकारी सारांश

परिच्छेद २- नगरपालिकाको क्षमता विकास नीति तथा कार्यनीति

२.१ क्षमता विकास योजनाको लक्ष्य, उद्देश्य रणनिति तथा नगरपालिकाले अंगिकार गरेका नीतिहरू

२.२ क्षमता विकासका लागि विगत दुई वर्षमा गरेको बजेट विनियोजन

२.३ क्षमता विकासका लागि संचालित कार्यक्रमहरू

परिच्छेद ३- नगरपालिकाको विद्यमान मानव तथा संस्थागत अवस्था

३.१ नगरपालिकको विद्यमान मानव संसाधनको अवस्था

३.२ नगरपालिकाको संस्थागत विकासको अवस्था

३.३ नगरपालिकाको कार्यालय पुर्वाधार तथा कार्यालय उपकरणको अवस्था

३.४ नगरपालिकाको विद्यमान अवस्था र अपेक्षित अवस्था विचको अन्तराल

परिच्छेद ४- नगरपालिकाको क्षमता विकास योजनको लक्ष्य तथा उद्देश्य

४.१ नगरपालिकाको क्षमता विकास योजनाको लक्ष्य

४.२ नगरपालिकाको क्षमता विकास योजनाको उद्देश्य

४.३ नगरपालिकको क्षमता विकास योजनाको अपेक्षित नतिजाहरु

परिच्छेद ५- नगरपालिकाको क्षमता विकास आवश्यकता विश्लेषण

५.१ जनप्रतिनिधि स्तर

५.२ कर्मचारी स्तर

५.३ विषय क्षेत्र अनुसार संस्थागत स्वमुल्याङ्कनमा कमजोर देखिएका क्षेत्रहरूको विश्लेषण

५.४ संविधान प्रदत्त अधिकार र कार्यसम्पादन अवस्थाको संक्षिप्त विश्लेषण

परिच्छेद ६- नगरपालिकाको क्षमता विकास योजनाका प्राथमिकताहरू
६.१ जनप्रतिनिधि स्तर
६.२ समिति तथा उपसमिति
६.३ महाशाखा, शाखा, उपशाखा तथा ईकाई
६.४ कर्मचारी स्तर
परिच्छेद ७- नगरपालिकाको त्रिवर्षिय क्षमता विकास योजना
७.१ नगरपालिकाको क्षमता विकास नीति
७.२ जनप्रतिनिधिका लागि प्रस्तावित क्षमता विकासका कार्यक्रमहरु
७.३ कर्मचारीकालागि प्रस्तावित क्षमता विकासका कार्यक्रमहरु

परिच्छेद ८- क्षमता विकास समन्वय समिति गठन तथा काम कर्तव्य अधिकार
८.१ क्षमता विकास क्षमता विकास समन्वय समिति गठन

परिच्छेद ९- क्षमता विकास योजना कार्यान्वयनको चरण र मुल जिम्मेवारी
९.१ क्षमता विकास योजना कार्यान्वयनको चरण र मुल जिम्मेवारी

परिच्छेद १०- खर्चको सिमा
१०.१ कार्यक्रम संचालनको लागि अधिकतम सीमाः-

# परिच्छेदः १- परिचय

## १.१ पृष्ठभुमी

नेपालको संविधान २०७२ ले संघीय गणतन्त्र नेपालमा संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेको छ। स्थानीय सरकार नागरिकको निकटमा रहेर संविधान र स्थानीय सरकार संचालन ऐनले तोकेको अधिकारहरुको प्रयोग गर्दै स्थानीय जनतालाई छिटो सरल तथा गुणस्तरिय सेवा प्रवाह गरी लोकतन्त्रका लाभहरुलाई नागरिकहरुमा प्रत्याभुत गराउने गहन जिम्मेवारी लिएको सरकार हो। राष्ट्रिय योजनाले लिएको लक्ष्य तथा राष्ट्रिय प्रतिबद्धताहरुको कार्यान्वयन गर्नदै सुखी र सम्बृद्ध नेपाल निर्माण गर्न र सामाजिक न्याय स्थापित गरी समतामुलक समाज निर्माण गर्ने अभिभारा भएको स्थानीय सरकारले आफ्नो कार्य सम्पादन स्तरमा सुधार गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी र जनमुखी बनाउनु आजको प्रमुख आवश्यकता रहेको देखिन्छ।

हाल स्थानीय सरकारहरुले नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन,२०७४ र विभिन्न राष्ट्रिय प्रतिबद्धताहरु र राष्ट्रिय तथा स्थानीय योजनाको आधारमा सम्पादन गर्नु पर्ने नियमित कार्यहरु सम्पादन स्तर र अवस्थाको अध्ययनबाट स्थानीय तहमा कार्यरत जनप्रतिनिधि र कर्मचारीहरूको व्यक्तिगत क्षमता, संस्थागत क्षमता र विधि प्रणालीगत क्षमता विकास गर्दै जानु पर्ने देखिएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याङ्कन र वित्तीय सुशासन जोखिम स्वमुल्याङ्कनको नतिजाबाट यसको थप पुष्टि भएको छ।

स्थानीय तहको समग्र क्षमताको उपरोक्त अवस्थालाई संवोधन गर्ने गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नगरपालिकाको क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ को आधारमा यस देवदह नगरपालिकामा कार्यरत जनप्रतिनिधि र कर्मचारीहरुको व्यक्तिगत क्षमता, संस्थागत क्षमता र विधि प्रणालीगत क्षमताको लेखाजोखा गरी वर्तमान अवस्थाको जगमा टेकेर अगामी तीन वर्षका लागि तत् तत् विषय क्षेत्र कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको साथै संस्थागत क्षमता स्वमुल्याङ्क र वित्तीय सुशासन जोखिम स्वमुल्याङ्कनबाट कमजोर देखीएका सुचकहरुको क्षेत्रमा समेत क्रमशः सुधार गर्ने कार्यमा सहयोग पुऱ्याउनका लागि यो देवदह नगरपालिकाको क्षमता विकास योजना तर्जुमा गर्न लागिएको हो।

## १.२ देवदह नगरपालिकाको संक्षिप्त परिचयः-

देवदह नगरपालिका लुम्बिनी प्रदेश रुपन्देही जिल्लाको उत्तर पूर्वी भागमा अवस्थित छ। गौतम बुद्धको जन्मस्थल लुम्बिनी देखि ३५ किलोमिटर उत्तर पूर्वमा अवस्थित देवदह ऐतिहासिक एवं बुद्धको मावलीस्थलको रुपमा प्रशिद्ध रहेको छ। प्राचिन कोलिय गढराज्यको रुपमा रहेको देवदह हाल देवदह

नगरपालिकाको रुपमा स्थापित भएको हो । नेपाल सरकारको २०७१ बैशाख २५ गतेको निर्णय अनुसार साविकका देवदह र केरवानी गा.वि.स. मिलेर देवदह नगरपालिका स्थापना भएकोमा नेपाल सरकारको मिति २०७३।११।२७ मा प्रकाशित राजपत्र अनुसार साविक सिक्टहन गा.वि.स. थप भइ हालको देवदह नगरपालिका बनेको हो ।यस नगरपालिकामा २०७८ को जनगणना अनुसार १७,३०० घर धुरीमा ७२,४५७ जनसंख्या रहेको छ । यस नगरपालिकाको पूर्वमा नवलपरासी जिल्ला पश्चिममा बुटवल उप-महानगरपालिका र

तिलोत्तमा नगरपालिका उत्तरमा पाल्पा जिल्ला र दक्षिणमा ओमसतिया गाउपालिका बिचमा पर्यटकीय नगरी को रुपमा रहेको छ । १३५.९५ वर्ग कि.मि. क्षेत्रफल रहेको यस नगरपालिकामा १२ वडाहरु रहेका छन् ।

देवदह नगरपालिका भित्र पाकरी वृक्ष, कन्यामाई, बैरिमाई, देव दह, यशोधरा पार्क, भवानीपुर, गौतम बुद्ध राष्ट्रिय उद्यान, स्मृती पार्क, खयरडँडा, माथागढी किल्ला लगाएतका एतिहासिक तथा पुरातात्वीक स्थलहरुका साथै विभिन्न पर्यटकिय तथा धार्मिक स्थलहरु रहेका छन । यस देवदह नगरपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः समृद्ध देवदहको आधार भन्ने मुल नारा सहित आफ्ना गतिविधिहरु अगाडि बढाईरहेको छ । कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहनु , गौतम बुद्धको मावली स्थलको रुपमा रहनु, प्राकृतिक श्रोत साधनको उपलव्धता, विभिन्न जातजातीहरुको सांस्कृतिक सम्पदाको भण्डार, मानव समसाधनको उपलव्धता र शहर उन्मुख नगरको रुपमा देवदह नगरपालिका रहेको छ

## १.३ क्षमता विकस योजनाको आवश्यकता-

### १.३.१ विश्लेषणः-

नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कामप्रति लगतशील बनाई राख्न नगरपालिकाले सङ्गठन संरचनालाई आवश्यकता अनुसार पुनरावलोकन गर्दै जानुपर्ने र कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्दा कार्य विवरणको आधारमा गर्नुपर्ने देखिन्छ । यसबाट काममा स्पष्टता आउनुको साथै जिम्मेवारी बोधले क्रमश : काम गर्ने क्षमतामा समेत विकास गर्नेछ । कर्मचारीहरुको मासिक बैठकलाई नियमित र प्रभावकारी गराउन आवश्यक छ । उक्त बैठकबाट प्राप्त सुझावहरुलाई नगरपालिका बैठकमा र नगरपालिका बैठकले गरेका निर्णयहरु कर्मचारी बैठकमा जानकारी गराउनु पर्ने देखिन्छ । जसले गर्दा निर्णय गर्ने बोर्ड र कार्यान्वयन गर्न कर्मचारी वीचको दोहोरो सूना जानकारी गराउनु पर्ने हुन्छ । फल स्वरुप कार्य प्रभावकारी हुनुका साथै कर्मचारीको लगनशीलता वृद्धि हुनेछ । नगरपालिकाले तयार पारेको क्षमता विकास योजनालाई वार्षिक योजनामा समावर्श गरी प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ । नगरपालिकाले विशेष ध्यान दिन आवश्यक हुन्छ । निक्षेपित कार्यक्रम तथा कार्यालयको कामलाई सहजीकरण गर्न तथा अनुगमन गरी कामको गुणस्तर नगरपालिकाको जिम्मेवारी भएकाले यसका लागि सम्पर्क व्यक्ति तोक्ने र अनुगमन प्रणालीलाई सुदृढीकरण गर्नु पर्ने देखिन्छ । नगरपालिकाको समग्र विश्लेषणलाई तलका बुँदाहरु उल्लेख गरिएको छ ।

- बजेट तर्जुमा गर्दा सबै शाखाहरु र अन्य सरोकार पक्षहरुको समेत राय सूझाव लिई सहभागितात्मक बजेट तर्जुमा गरी सबं शाखा तथा सरोकारवालहरुलाई जिम्मेवार बनाउन आवश्यक छ ।
- प्रशासनिक खर्चको सीमा पालन गर्न नगरपालिकाहरुलाई त्यति ठुलो समस्य नभएकाले खर्चको समिक्षा गरी कार्य योजना बनाएमा यो सम्भावना भित्र देखिन्छ र आन्तरिक आयको खर्च सीमाभित्र रहेको नगरपालिकाको रपमा चिनिदा कर्मचारीलाई आत्म सम्मान र अन्य स्रोत विकास निर्माणमा लगाउन सकिन्छ ।

- राजस्व वृद्धिको अभ्यास राम्रो छ, केही क्षेत्रहरु थप ध्यान दिन सकेमा नगरपालिकाको आन्तारिक आय स्रोतमा उल्लेख्य वृद्धि हुने देखिन्छ । जसका लागि केही उदाहरणीय स्थानीय तहको भ्रमण तथा व्यवस्थापकीय सुधारको आवश्यकता देखिन्छ ।
- नगरपालिकाको हक भोग भित्र रहेका जग्गाहरु, सार्वजनिक पोखरी तथा स्थलहरुको अभिलेख अद्यावधिक गर्न विशेष प्राविधिक सहयोग तथा क्षमता विस्तारको खाँचो छ । नगरपालिकाको सम्पत्तीको स्रषण गर्न जिम्मेवारी नगरपालिका स्वयको भएकाले कर्मचारीलाई क्षमतावान् र जागरुक बनाउनु पर्ने देखिन्छ ।
- लेखा परीक्षणबाट औल्याएका बेरुजुहरु पुनः दोहोरिन नदिन र पेश्की पछ्यौंटका लागि विशेष संयन्त्र बनाउन आवश्यक छ । यसक लागि राजस्व शाखा तथा योजना शाखामा काम गर्ने कर्मचारीलाई अनुशिक्षण तथा प्राविधिक सहयोग आवश्यक पर्दछ ।
- आवधिक योजन तर्जुमा तथा कार्यान्वयन नगरपालिकाको महत्वपूर्ण कार्य हो । आवधिक योजना बनिसकेपछि यसका बारेमा अनुशिक्षण तथा आवधिक योजनामा परेका योजनाहरु प्राथमिकताको आधारमा संचालन गर्ने गरी जिम्मेवारी बाँडफाँड गर्नुपर्ने देखिन्छ ।
- साना आयोजना नगरपालिकाले कार्यान्वयन नगरी वडा मार्फत गर्ने त्यसको अनुगमनमा मात्र नगरपालिका संलग्न हुनपर्ने देखिन्छ । यसले कर्मचारीहरुको काउ बोझ कम हुने र प्रभावकारिता समेत आउने देखिन्छ ।
- गै.स.स. पनि सरकारको काममा सहयोगी हुने भएकाले कार्य वातावरण बनाउनु र काममा दोहोरपन हटाई समानुपातिक वितरणमा टेवा पुऱ्याउन तथा नगरपालिकामा गै स स डेस्क स्थापना गरी सामाजिक विकास सम्बन्धी कार्यक्रमहरु समन्वयात्मक रुपले संचालदन गर्न आवश्यक छ । यसका लागि यसमा काम गर्ने कर्मचारीहरुलाई समन्वय र अनुगमनको क्षेत्रमा क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । त्यसै गरी अन्तराष्ट्रिय संघ संस्थासँग पनि समन्वय र सहकार्यको खाँचो छ । आयोजना सुपरीवैक्षण तथा अनुगमन समितिलाई नतिजामा आधारित अनुगमन प्रणालीबारे अनुशिक्षण गरी अनुगमन क्षेत्रमा प्रभावकारिता ल्याउन आवश्यक छ ।
- नगरपालिकाले ऐन तथा नियमको परिधिमा रही विनियम, कार्यविधि तथा निर्देशिका तर्जुमा गर्न सक्दछ। तत्काल आवश्यक लेखिएका विनियम, कार्यविधि तथा निर्देशिकाहरुमा कर्मचारी प्रशासन विनियमावली, आचारसंहिता तथा नतिजामा आधारित अनुगमन कार्यविधि मूख्य हुन । त्यसै गरी आर्थिक प्रशासन, उपभोक्ता समिति संचालन आदी निर्देशिकाहरुलाई अध्यावधिक तथा अनुशिक्षण गर्न पनि आवश्यक छ।
- सूचना विकासको आधार भएकाले सुचना केन्द्रको स्थापना तथा यसको स्तरोन्नति गरी क्षमता विस्तार गषर्नु पर्ने देखिन्छ । सबै शाखा, कार्यालय तथा गै.स.स.बाट सूचना उपलब्ध गराउने संयन्त्र बनाउन आवश्यक छ ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहभागितात्मक नागरिक बडापत्र तयार भएको भए पनि केही पक्षहरुमा षतिपर्ति सहितको नागरिक बडापत्र लागु गर्नुपर्ने देखिन्छ । सहभागित्मक तरिकाले

तयार पारिने नागरिक बडापत्रले कर्मचारीमा जिम्मेवारी बोध गराउने छ र नागरिक बडापत्र बमोजिम काम भए नभएको अनुगमन गरी त्यसको पृष्ठपवषणले कर्मचारीको क्षमता वृद्धि गराउने छ ।

- त्यसै गरी प्रशासन, योजना, जिन्सी, प्राविधिक, पञ्जिकरण, राजस्व शाखाहरुमा कम्प्यूटर सफ्टवेयरको व्यवस्था, तालिम तथा शाखाहरु विच नेटवर्किङ गर्न आवश्यक छ । जसले कागज विहीन सुशासनको नविनतम अवधारणा तर्फ उन्मुख गर्न मद्दत गर्नेछ ।
- सेवाग्राहीहरुबाट आएका गुनासाहरु समाधान गर्न सो सम्बन्धी तालिमको आवश्यकता देखिन्छ ।
- नगरपालिकाले राजस्व समभाव्यता अध्ययन तथा नयाँ स्रोतहरुको पहिचान र सहभागितात्मक राजस्व सुधार योजना तर्जुमा भइ सकाले सोको अनुशिषण गरी आन्तरिक आयको लागि क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । अन्य स्थानीय तहहरुको अभ्यासको अध्ययन तथा अवलोकन तथा आयमुलक योजनामा लगानीको सम्भावना अध्ययन गर्नुपर्ने देखिन्छ । रावजस्वको दर रेट निर्धारण पद्धतिलाई सहभागितात्मक र राजस्व परामर्श समितिको नियमित रुपमा बैठक बस्ने व्यवस्था मिलाउन आवश्यक छ ।
- निजी क्षेत्रसँगको साझेदारीको प्रयास निकै कमजोर भएकाले यसका लागि थप अध्ययन गरी सार्वजनिक सेवा सुविधा उपलब्ध गरान निजी क्षेत्रको सहभागिता गराउन सकिन्छ । अहिलेको सन्दर्भमा स्थानीय तहहरु आन्तारिक आय भन्दा संघ तथ प्रदेश अनुदानमा निर्भर भएकाले वडा सचिव तथ सहाहयकहरुलाई नगरपलिको स्रोत अभिवृद्धि सम्बन्धी तालिमको आवश्यकता देखिन्छ ।
- कार्यालयको सरसफाइको प्रबन्ध पनि सुधारयोग्य देखिन्छ । सरसफाइ सम्बन्धी तालिम तथा आधुनिक औजारको व्यवस्था गरी जिम्मेवारी वहन तथा नियमित अनुगमनको आवश्यकता लेखिन्छ । सरसफाई कर्म तथा मालीको लागि सेवा करार लिने कार्य उत्तम हुन सक्दछ ।
- कार्यालयमा व्यवस्थित फाइलिङ नहुँदा कर्मचारीले सास्ती बेहोर्नु परिरहेको हुन सक्छ । सोका लागि यस सम्बन्धी तालिम तथा निर्देशिका तयार गरी व्यवस्थित फाइलिङ प्रणाली लागु गर्न आवश्यक छ। त्यस्तै अनावश्यक कागजातहरु पहिचान गरी बार्षिक रुपमा धुल्याउन आवश्यक छ । यसका लागि सम्बन्धित विज्ञबाट कागजात धुल्याउने सम्बन्धी अनुशिक्षणको आवश्यक छ । अन्यथा यस्तो दिन आउनेछ । कागजपत्र कार्यालय भित्र कर्मचारी बाहिर बसेर काम गर्नु परोस ।
- कम्प्यूटर तथा सूचना प्रविधिको प्रयोगमा सबै निपूर्ण हुन आवश्यक छ । जसका लागि आवश्यक व्यावहारिक तालिम सबै कर्मचारीहरुलाई दिनु पर्दछ ।
- हाल कार्यरत कर्मचारी दरबन्दीको पुनरावलोकन गरी आवश्यक पद सिर्जना गर्नुपर्ने देखिएको छ । वर्तमान संक्रमणकालीन व्यवस्थाले गर्दा स्थायो पदपूर्ति गर्न नमिल्ने अवस्था भएतापनि अत्यावश्यक पदहरु करारबाट लिन सकिन्छ ।
- कर्मचारीको सीप, क्षमता र कार्यशैलीको विकासका लागि नेतृत्व विकास, प्रशंसनीय खोज, व्यवस्थापन, प्राविधिक विषयका लागि नविनतम कम्प्यूटर तालिमको बवश्यकता महसुस गरिएको छ । कर्मचारीलाई सषम बनाई जिम्मेवारी दिएमा कार्य सम्पादन मूल्याङ्कन गर्दा कार्य विवरणको आधारमा गर्न सकिन्छ ।

- कर्मचारीहरुले अवलोकन गरेर सिक्ने पद्धतिको विकास गर्न स्वदेश तथा विदेश भ्रमणको आयोजना गर्नु पर्दछ । संगठनमा महिला तथा पिछडिएका वर्गको उपस्थितिलाई सुनिश्चितता गर्न नयाँ भर्नामा राज्यले लिएको नीति अनुरुप गर्ने र उनीहरुको लागि कार्य गर्ने वातावरणको यथोचित व्यवस्था गर्नु पर्दछ ।
- सही व्यक्ति पदको अवधारणा अनुसार कर्मचारी वितरण मिलाउने तथा कर्मचारीहरुको नियमित सरुवाको व्यवस्था गरी सबै क्षेत्रको अनुभव लिने अवसर दिनु पर्दछ । राम्रो काम गर्ने कर्मचरीलाई प्रशसां तथा परस्कारको व्यवस्था गरेका कर्मचारीको मनोबल माथि उठ्दछ ।

### १.३.२ आवश्यकता पहिचान

शासकीय प्रवन्ध :

- नगर कार्यपालिकाको गठन, काम,कर्तव्य र अधिकारको बारेमा जानकारी
- नगरपालिकामा तर्जुमा भएका ऐन, नियम, कार्यविधि आदिको बारेमा जनप्रतिनिधि र कर्मचारीहरुलाई अभिमूखिकरण
- कार्य विभाजन नियमावलीको तर्जुमा र सोको कार्यान्वयन
- विशेषत : कार्यपालिका सदस्य तथा गाउँ सभा सदस्यहरालई स्थानीय सरकारको भूमिका र जिम्मेवारी सम्बन्धी अभिमूखिकरणको आवश्यकत रहेको ।

व्यवस्थापन

- नगर बस्तुगत विवरणको Digitalization र आवधिक विकास आयोगनाको अद्यावधिक
- समन्वय, प्रतिवेदन आदीमा बढी ज्ञान/सीप आवश्यक
- अन्तर-शाखा र निकाय विच सुचना आदान-प्रदान/सञ्चार/समन्वय
- समन्वय सीप, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषयमा गहन तालिमको आवश्यकता रहेको ।
- स्रोत जुटाउनका लागि संघीय र प्रदेश सरकारसँगको समन्वय र पहुँच वृद्धि
- प्रभावकारी सेवा प्रवाहका लागि कार्यविधि चाहिने, अभिमूखीकरण गरी ज्ञान, सीप र सकारात्क धारणा बनाउनु पर्ने ।
- समुदाय स्तरमा विकास निर्माण सम्बन्धी अभिमूखिकरण/जानकारी
- उपभोक्ता समितिलाई अभिमूखिकरण/जानकारी, स्थानीय आधार सहिंतामा कडाई गर्ने ।
- विभिन्न शाखाका कर्मचारी र वडा सचिवहरुलाई अनुगमन तालिम ।

सङ्गठन

- नियमित बैठक, परिचालन, स्थलगत भ्रमण/अध्ययनको व्यवस्था
- केही नीति/कार्यविधिहरु अझै थप बन्नु जरुरी (जस्तै : योजना सम्पन्न भएपछिको व्यवस्था), थप अभिमूखिकरण

- कम्प्यूटर, सफ्टवेयर, सामान्य सर्वेक्षणका अति जरुरी सामग्रो जस्तै : GIS, GPS, Total station, Abbey-level
- कार्यविवरण पुनरावलोकन, अनुगमन/मुल्याङ्कन प्रणाली
- केही वडामा सचिव दरबन्दी पुरा गर्ने, मावन संसाधन इकाइको स्थापना र सामाजिक विकासमा थप गर्ने
- विभिन्न प्रकारका तालिमहरु चाहिने (पद र दिइएको दायित्व अनुसार)
- नेटवर्कमा आवद्धता
- नियमित बैठक गर्ने, प्रगति समिक्षा आन्तारिक गर्ने
- कर्मचारीहरुमा उत्प्रेरणा, अनुगमन
- छुट्टाछुट्टै आचार-संहिता बनाई लागु गर्ने र सोको लागि अभिमूखिकरण गर्ने
- आपसी सहकार्य र सहमति बनाई व्यक्तिगत प्रतिवद्धता चाहिने
- स्थानिय स्रोतको पहिचान र परिचालन
- सेवाग्राहरुको लागि आधारभुत सुविधाहरु जस्तै : विश्राम कक्ष, निशुल्क वाईफाइ, सफा खानेपानी, सहायता कक्ष , स्वास्थ्य  सेवा आदी व्यवस्था गर्न ध्यान दिनु पर्ने ।
- पंजीकरण तथा सामाजिक सुरक्षा शाखामा कर्मचारीहरुलाई तालिमका साथसाथै अन्य पूर्वाधारको व्यवस्था गरी क्षमता अभिवृद्धिको आवश्यकता रहेको ।
- प्राविधिक कर्मचारी तथा जननिर्वाचित प्रतिनिधिहरुलाई भौतिक पूर्वाधारहरुको गुणस्तर सुनिश्चिता सम्बन्धि तालिमको आवश्यकता रहेको ।
- सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा सिमान्तकृत समुदायलाई विभिन्न प्रकारमा चेतना मुलका तालिमको आवश्यकता रहेको ।
- योजना अनुगमन प्रणालीको प्रभावकारिता तथा गुणस्तर सुनिश्चिताको उच्च आवश्यकता ।

वित्तीय व्यवस्था

- राजस्व प्रक्षेपण समेत गर्ने सफ्टवेयरको व्यवस्था
- राजस्व सुधार कार्य योजनाको हरेक वर्ष वुनरावलोकन गर्ने ।
- कर्मचारीको सही परिचालन, कर्मचारीलाई तालिम र भ्रमण व्यवस्था
- बजेटिङ तथा खर्च व्यवस्थापन सम्बन्धी अभिमूखीकरण, अभ्यास/अनुगमन/पृष्ठपोषण
- खरिद प्रक्रिया पूर्ण परिपालन भए-नभएको अनुगमन, लेखा परिक्षण
- सम्पत्ति/जिन्सी व्यवस्थापन बारे थप तालिम र अभिमूखीकरण चाहिने
- लेखा-परीक्षणको प्रभावकारिताका लागि विशेष प्रोत्साहन भत्ता र स्किमको व्यव्था भएको तार यसमा थप कडाई र तदारुकता अपनाउनुपर्ने

- वित्तिय प्रतिवेदन तयार सीप विकास र पर्ण अभिमूखीकरण, वित्तिय अनुशासनका लाग अनुगमन

सूचना

- सूचना केन्द्रको स्थापना र व्यवस्थापन
- भू-सूचना प्रणालीको लागि आवश्यक नक्सा र सूचना नगरपालिकाबाट हुन सक्ने नीति र थप तालिक आवश्यक
- व्यवस्थित अभिलेख व्यवस्थापन र उचित तरिकाले दर्ता र भण्डारण गर्नुपर्ने, कार्य- विवरण अझ स्पष्ट पार्नु पर्ने र कार्य बाडफाँट
- पुस्तकालयको स्थापना र व्यवस्थापन अभिमूखीकरण तालिम
- पञ्जीकरण व्यवस्थापनका लागि हरेक वडामा कम्प्यूटर सफ्टवेयरको प्रभावकारी कार्यान्वयन हुनुपर्न् र रिक्त स्थानमा दरबन्दी पुरा हुनपर्ने ।

सुशासन

- जनसहभागिता सम्बन्धी प्रावधारहरुको पूर्ण कार्यान्वयनमा थप अनुगमन संयन्त्र र समय — तालिका बनाई कार्य गर्नु जरुरी,
- पारदर्शिताका लागि सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवजाइ सञ्चालन सम्बन्धी तालिम
- स्थानीय सञ्चारकर्मी/एफ.एम.हरुको बढी परिचालन, आचार-संहिता र नीति-नियमको पूर्ण पालनाको अनुगमन/मूल्याङ्कन/सुपरीवेक्षण
- उचित संयन्त्र र निति-नियम बनाई पुरस्कार, दण्ड/जरिवाना कडाका साथ लागू गर्ने, गुनासो व्यवस्थापन तालिम(कर्मचारी)
- नगरपालिका लगायत वडाहरुको आफ्नै कार्यालय भवनको व्यवस्था, रिक्त स्थानमा वडा सचिवको पद पूर्ति, प्राविधिक सहायकहरु पदपूर्ति गर्नुपर्ने
- सूचना प्रवाहका लाग कार्यालयको लेआउट झल्कने एउटा थप बोर्डको व्यवस्था
- विभिन्न शाखाहरुबाट प्रदान गर्ने सेवाको नागरिक वडापत्र एकमुस्ट राखी प्रकाशन गरी वितरण गर्ने व्यवस्था
- वेवसाइट अपडेट गर्ने तालिम
- सञ्चार(भिडीया) परिचाल/प्रेस रिलिज गर्ने तालिम

समन्वय र सहकार्य विकास

- विषयगत शाखाहरु तथा विभिन्न कार्यक्रम/परियोजनाहरुवीच नियमित बैठक, आवधिक समीक्षा गोष्ठी, नियमित प्रतिवेदन एवम् पृष्ठपोषण प्रणाली

- सामुदायिक संस्थाहरुलाई व्यवस्थापकीय क्षमता विकास, नेतृत्व विकास, प्रस्तावना लेखन, श्रेष्ता प्रणाली आदीबारे थप तालिम, आचारसंहिता निर्माण र पूर्ण परिचालन, सचेतना शिक्षा (नागरिक)
- निजी क्षेत्रसँग सहकार्य/साझेदारी बढाउने, नीति नियम र व्यवसायिक आचारसहिंताको पूर्ण पालना
- माथिल्ला निमायहरुसँग नियमित अनुगमन निरीक्षण गर्ने तालिका तयार गरी कार्यावयन गर्ने, अनिवार्य रुपमा स्थलगत अवलोकन/भ्रमण प्रतिवेदन तयार गरी जानकारी गराउने प्रणालीको विकास गर्ने,
- बजेठ बाँडफँटमा पारदर्शिता र पछाडी परेको वर्गलाई प्राथमिकता दिने व्यवस्थाका लागि वकालत गर्ने,
- कर्मचारी सरुवा गर्दा निश्चित मापदण्ड अनिवार्य लागू गर्ने र मातहतका कर्मचारी सरुवा गर्दा संघ तथा प्रदेशको सहमतिमा गर्नुपर्ने
- अन्तर्राष्टिय निकायहरुसँग समन्वयात्क बैठक र अन्तरक्रियाहरुको अनिमितता, यस्ता निकायहरुको आवधिक प्रतिवेदन एक प्।ति नगरपालिकामा पठाउनु पर्ने अनिवार्यता लागू गर्ने,
- सामुहिक अनुगमन संयन्त्र र तालिका तयार पारी कम्तिमा वर्षको दुईपटक वा एउटा मात्र भए पनि स्गलगत अनुगमन गर्ने,जस्तै नगरपालिका मातहतका निकायहरु, बन सडक, सिचाई, प्रशासन, प्रहरी आदीको संयुक्त सहभागिता ।

**१.४ क्षमता विकास योजना तर्जुमा विधि र प्रकृयाः-**

यस देवदह नगरपालिकाको क्षमता विकास योजना तर्जुमा गर्दा देहाय बमोजिमका विधि र प्रकृयाहरुको अवलम्बन गरिएको छ।

- ❖ क्षमता विकास योजना तर्जुमा सम्बन्धमा नगरपालिका अन्तरगतका प्रमुख सरोकारवालाहरु, निर्वाचित जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत सहित शाखा प्रमुखहरु तथा वडा सचिवहरुसंग छलफल तथा परामर्श।
- ❖ नगरपालिकाले गरेको संस्थागत स्वमुल्याङ्कन (लिजा) र वित्तीय सुशासन जोखिम स्व- मुल्याङ्कन लाई आधार लिएको ।
- ❖ यस नगरपालिकाको क्षमता विकास योजना अनुसार नगरपालिका र विभिन्न निकायहरू बाट प्राप्त हुने सम्भावित योगदानको लेखाजोखा गरि ३ बर्षको क्षमता विकास कार्यक्रम र स्रोतको अनुमान गरिएको।
- ❖ क्षमता विकास योजना तर्जुमाको सिलसिलामा चेकलिष्ट तथा प्रश्नावली प्रयोग गरि नगरपालिकको पदाधिकारी तथा कर्मचारीहरूसंग प्रत्यक्ष भेटघाट, टेलिफोन र ईमेल लगायतका माध्यमबाट छलफल परामर्श एवम अवलोकन र विद्यमान दस्तावेजहरुको अध्ययन जस्ता विधिहरुको अपनाइएको ।

**१.५ क्षमता विकास योजना तर्जुमाका सिमाहरू :-** देवदह नगरपालिकाको क्षमता विकास योजना नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरु, कार्यरत कर्मचारी, विषयगत शाखा र केहि सेवाग्राहीसँगको छलफल र अन्तक्रियाबाट

तयार पारिएको छ । नगरपालिकासँग अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सरोकार राख्ने समुहका विचारहरु नसमेटिएको हुन सक्छ ।

(ख) विद्यमान स्थानीय सरकार सञ्चालन ऐन, नगरपालिकाका अन्य ऐन, नियम, कार्यविधि र स्थानीय तह सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेशका आधारमा तयार गरिएको तर कतिपय कानूनहरु नयाँ बन्ने क्रममा पनि रहको हुँदा अन्य धेरै महत्वपूर्ण विषय छुटेका हुन सक्छन् ।

(ग) नगरपालिका भित्रका कतिपय प्रत्यक्ष तथा अप्रत्यक्ष सरोकार राख्ने समुह, सामुदायिक संस्था, नागरिक समाज तथा अन्य संघसंस्थाहरु सँग समय र स्रोतको सिमितताका कारणले पर्याप्त छलफल सुझावको अभाव रहन सक्ने

(घ) नगरपालिकाको क्षमता विकास योजनालाई कार्यान्वयन गर्न संघ, प्रदेश एवम् विकास साझेदारबाट आर्थिक, प्राविधिक सहयोगको अपेक्षा गरिएको छ ।

(घ) योजना कार्यान्वयनका लागि श्रोत साधनको आंशिक मात्रामा यथार्थ यकिन भएको अवस्थामा योजना तयार गरिएको हुँदा कार्यान्वयनमा श्रोत साधनको उपलव्धता र खर्च व्यवस्थापनमा जोखीम रहन सक्छ ।

(ङ) नयाँ प्रस्तावित कार्य विभाजन नियमावलीलाई आधार मानेर शाखागत कार्य विवरण तयार गरिने हुँदा विद्यमान शाखागत कार्य क्षेत्रमा भिन्नता देखिन सक्छ ।

## १.६ कार्यकारी सारांश

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई एकल तथा साझा अधिकार र जिम्मेबारी प्रदान गरि स्थानीय जनताको घरदैलोमा प्रभावकारी सेवा वितरणको परिकल्पना गरेको छ । त्यसैगरी स्थानीय सरकारको थप प्रभावकारी सञ्चालनको लागि छाता ऐनको रुपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारि गरेको छ । यस अर्थमा स्थानीय तहहरुले प्राप्त जिम्मेबारी र भूमिकाको निर्वाह गर्न जवाफदेहितालाई दिगोढंगले वहन गरि प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यस सन्दर्भमा स्थानीय सरकारको क्षमता (संस्थागत तथा मानव संशाधन ) समय सापेक्षा अनुसार सुधार हुनु पर्दछ । मानवीय सीप र क्षमताको अधिकतम उपयोग नगरिकन स्थानीय सरकारबाट सम्पादन हुने कार्यहरु परिणाममुखी बनाउन सकिदैन । यसर्थ, संस्थागत क्षमताको निरन्तर तथा दीर्घकालीन रुपमा क्षमता विकास प्रकृया अगाडि बढीराख्नु पर्दछ । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहना अनुरूप हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्था प्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ। यसर्थ, सबै स्थानीय सरकारले मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिक प्रति पूर्ण रूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको संस्थागत तथा मानविय संशाधनको क्षमता अभिबृद्धि गर्ने कार्यका लागि “क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६” जारी गरेको छ । उक्त दिग्दर्शनको मर्म र भावना अनुसार स्थानीय सरकारले जिम्मेबारीलाई थप प्रभाकारी बनाउन क्षमता विकास योजना तथा कार्ययोजना निर्माण गरि ब्यवहारिक रुपमा

लागु गरिनु आवश्यक देखिन्छ । स्थानीय सरकारलाई आवश्यकतामा आधारीत क्षमता विकास योजना तर्जूमा गर्न तथा उक्त योजनाको कार्यान्वयनबाट नागरिकहरूका लागि मितव्ययी तरिकाले गुणात्मक सेवा प्रदान गर्न सहज होस् भन्ने अभिप्रायका साथ स्थानीय सरकारको क्षमता विकास योजनाको महत्व रहेको छ। विगत दुई आर्थिक बर्षमा यस नगरपालिकाले संस्थागत स्वमुल्याङ्कन( लिजा ) मा हासिल गरेको अंकले समेत यस नगरपलिकाको संस्थागत तथा सेवा प्रवाहको अवस्थामा सुधार भएको देखिन्छ।

**संस्थागत क्षमता स्वमुल्याङ्कनको अवस्था:**

| क्र.स | विषय क्षेत्र | कुल अंक | आ.व २०७८/७९ | २०७९/०८० |
|---|---|---|---|---|
| १ | शासकिय प्रवन्ध | ९ | ७.५ | ८ |
| २ | संगठन तथा प्रशासन | ८ | ४.७५ | ६ |
| ३ | बार्षिक बजेट तथा योजना ब्यवस्थापन | ११ | ७.७५ | ७.५ |
| ४ | वित्तिय एव आर्थिक ब्यवस्थापन | ११ | ७.२५ | ८.५ |
| ५ | सेवा प्रवाह | १६ | १३.२५ | ११.२५ |
| ६ | न्यायीक कार्यसम्पादन | ७ | ७ | ७ |
| ७ | भौतिक पूर्वाधार | १३ | ४.७५ | ८.७५ |
| ८ | सामाजिक समावेशीकरण | १० | ५.५ | ५.७५ |
| ९ | वातावरण तथा विपद ब्यवस्थापन | ९ | ४ | ६ |
| १० | सहकार्य तथा समन्वय | ६ | ०.५ | ५.७५ |
| जम्मा | | १०० | ६२.५ | ७४.५ |

## परिच्छेद २- नगरपालिकाको क्षमता विकास नीति तथा कार्यनीति

### २.१ क्षमता विकास योजनाको रणनिति

यस योजना कार्यान्वयनका लागि देहाय बमोजिम मुल रणनीतिहरु अवलम्बन गरिनेछ ।

- कार्य विवरण आधारमा कार्य सम्पादन गर्ने प्रणालीलाई प्रर्वद्धन गरिनेछ ।
- पद र क्षमता अनुसारको जिम्मेवारी सुम्पिने पद्धतिलाई बढावा दिइनेछ ।
- दोहोरोपना हटाउने, स्रोत-साझेदारी गर्ने एवं नगरपालिका भित्र उपलब्ध हने सेवाहरुको गुणस्तरमा अभिवृद्धि गरिनेछ ।
- गै स सहरु, निजी सेवा प्रदायकहरुबीच नियमित सञ्चार, सम्पर्क, परामर्श/अन्तरक्रिया गरिनेछ।
- वित्तीय व्यवस्थापन, योजना तर्जुमा प्रक्रिया, कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ ।

- आवश्यक भौतिक सुविधा, सरसफाई तथा सूचना प्रविधिमा जोड दिइनेछ ।
- कर्मचारीको कार्य शैलीमा सुधार तथा अन्तर सम्बन्धलाई सुदृढ गरिनेछ ।
- नगरपालिकाको आन्तारिक स्रोतले सम्भव नहेन क्षमता विकास क्रियाकलापका लागि प्रादेशिक तथा स्थानीय शासन कार्यक्रम/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास साझेदारी तथा गैर सरकारी संघ संस्था समक्ष अनुरोध गरिन्छ ।
- नियमित प्रकृयाको रुपमा आन्तरिक एवम् वाह्य श्रोतबाट यथेष्ट बार्षिक विनियोजन गरी क्षमता विकासका क्रियाकलाप संचालन/कार्यान्वयन गर्ने ।
- कार्ययोजना सहित कर्मचारीलाई योजना कार्यान्वयनको जिम्मेवारी दिने
- सेवा प्रदायक र सेवाग्राहीको क्षमता अभिवृद्धि गरी सहकार्यबाट योजना कार्यान्वयन गर्ने ।
- श्रृजित अवसर र चुनौतीको समुचित व्यवस्थापन गर्ने ।

**२.२ क्षमता विकासका लागि देवदह नगरपालिकाले अंगिकार गरेका नीतिहरूः-**

यस नगरपालिकले जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकासको लागी देहायका नीतिहरू अंगिकार गरेको छ।

- ❖ डिजिटल वोर्ड मार्फत नगरपालिकाको सुचना प्रवाहमा सरलता ल्याउनका साथै डिजिटल नागरिक वडापत्रको सुरुवात गरि मोबाइल एपबाटै गुनासो र उजुरी लिने व्यवस्था क्रमश व्यवस्था गर्दै लगिनेछ।
- ❖ नगरपालिकाको शासकीय तथा प्रशासनिक क्रियाकलाप संचालन गर्दा सुशासनलाई आत्मसाथ गरिनेछ।
- ❖ विकास निर्माण योजना छनौट तथा कार्यान्वयनमा नागरिक सहभागिता जनअपेक्षा संवोधन तथा जनसरोकारका सवाललाई संवोधन गर्ने।
- ❖ नगरपालिकमा रहेका जनप्रतिनिधि र कर्मचारीहरुको माग र सेवाको आवश्यक्ता अनुसार क्षमता विकासमा जोड दिइनेछ।
- ❖ कर्मचारीहरुको कार्यवोझ र कार्यसम्पादनका आधारमा निश्चित कार्यविधि तयार गरी प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।
- ❖ कार्यसम्पादन मुल्याङ्कनको बैज्ञानिक आधार तयार गरी उत्कृष्ट कर्मचारीलाई पुरिस्कृत गरिनेछ।
- ❖ संविधान र स्थानीय सरकार संचालन ऐनले प्रवन्ध गरे अनुरुपका न्यायीक समितिका काम कारवाही थप प्रभावकारी बनाइनेछ।

**२.२ क्षमता विकासका लागि विगत दुई वर्षमा गरेको बजेट विनियोजन**

देवदह नगरपालिकाले आफ्नो सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा सुशासन बृद्धि, जवाफदेही र सेवामा गुणस्तरीयता कायम गर्न उपलब्ध जनशक्तिको क्षमता विकासका लागी बार्षिक रुपमा विभिन्न क्षमता विकासका कार्यक्रमहरुमा बजेट विनियोजन गरि प्राथमिकताका साथ कार्यान्वयन गर्ने गरेको छ।

| क्षमता विकासका क्रियाकलाप | आ.व २०७९/८० | आ.व २०८०/८१ |
|---|---|---|
| लेखा तालिम, अनुगमन तथा भ्रमण, योजना तालिम, पञ्जिकरण तालिम, तथा अन्य तालिम कार्यक्रम | १५००००० | १७००००० |

**२.३ क्षमता विकासका लागि संचालित कार्यक्रमहरूः-**

यस देवदह नगरपालिकाले संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासका लागि प्रत्येक आर्थिक बर्षमा आवश्यक नीतिगत व्यवस्था तथा कार्यक्रमगत रुपमा बजेट विनियोजन गरि प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ।

| आ.व २०७९/८० मा संचालित | आ.व २०८०/८१मा संचालित |
|---|---|
| ➢ उ.स योजना अभिमुखिकरण<br>➢ योजना अनुगमन तथा भ्रमण<br>➢ सफ्टवेयर संचालन तालिम<br>➢ पंजिकरण तालिम | ➢ लेखा तालिम<br>➢ सभासमारोह, दिवश तथा उत्सव<br>➢ सार्वजनिक सुनुवाई<br>➢ पंजिकरण तालिम<br>➢ राजस्व सुधार तालिम |

## परिच्छेद ३- नगरपालिकाको विद्यमान मानव तथा संस्थागत अवस्था

**३.१ नगरपालिकको विद्यमान मानव संसाधनको अवस्थाः-**

संगठानिक संरचना अनूरुपनै कर्मचारी परिचालन हुने र सेवा प्रवाह गर्ने हुदाँ नगरपालिकाको संगठनिक गतिबिधिहरुलाई मार्गदर्शन गर्न निकै महत्वपुर्ण भुमिका खेलेको हुन्छ।

देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका स्वास्थ्य संस्थाहरुको दरवन्दी तेरिज देहाय बमोजिम रहेको छ

| क्र.सं. | पद | तह/ श्रेणी | सेवा | समूह | उपसमूह | दरवन्दी |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | उप-सचिव (संघ) | प्रशासन | सा.प्र. | | १ |
| २ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | | १ |
| ३ | अधिकृत | ७/८ | कृषि | | | १ |
| ४ | पशु विकास अधिकृत | ७/८ | कृषि | भेट | | १ |
| ५ | अधिकृत | ७ | प्रशासन | सा.प्र. | | २ |
| ६ | लेखा अधिकृत | ७ | प्रशासन | लेखा | | १ |
| ७ | जन स्वास्थ्य अधिकृत | ७ | स्वास्थ्य | ज.स्वा. | | १ |
| ८ | इन्जिनियर | ७ | इन्जि | सिभिल | जनरल | १ |

| क्र.सं. | पद | तह/ श्रेणी | सेवा | समूह | उपसमूह | दरवन्दी |
|---|---|---|---|---|---|---|
| ९ | अधिकृत | ६ | शिक्षा | शि.प्र. | | १ |
| १० | इन्जिनियर | ६ | इन्जि. | सिभिल | वि.ए.आ. | १ |
| ११ | इन्जिनियर | ६ | इन्जि. | सिभिल | जनरल | १ |
| १२ | आ.ले.प. अधिकृत | ६ | प्रशासन | लेखा | | १ |
| १३ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | ३ |
| १४ | अधिकृत | ६ | कानून | कानून | | १ |
| १५ | अधिकृत | ६ | प्रशासन | लेखा | | १ |
| १६ | प.हे.न. | ६ | स्वास्थ्य | क.न. | | १ |
| १७ | अधिकृत (पारामेडिक्स) | ६ | स्वास्थ्य | हे.ई. | | २ |
| १८ | सूचना प्रविधि अधिकृत | ६ | विविध | | | १ |
| १९ | सहायक | ५ | प्रशासन | सा.प्र. | | १५ |
| २० | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | १ |
| २१ | सव-इन्जिनियर | ५ | इन्जि. | सिभिल | | ११ |
| २२ | प्रा.स. | ५ | कृषि | भेट | | २ |
| २३ | प्रा.स. | ५ | कृषि | | | २ |
| २४ | कम्प्युटर अपरेटर | ५ | विविध | | | ५ |
| २५ | महिला विकास निरीक्षक | ५ | विविध | | | १ |
| २६ | अमिन | ४ | इन्जि. | सर्भे | | २ |
| २७ | सहायक | ४ | प्रशासन | सा.प्र. | | १२ |
| २८ | स.ले.पा. | ४ | प्रशासन | लेखा | | २ |
| २९ | सहायक कम्प्युटर अपरेटर | ४ | विविध | | | १ |
| ३० | सहायक महिला विकास निरिक्षक | ४ | विविध | | | २ |
| ३१ | असिष्टेन्ट सव इन्जिनियर | ४ | इन्जि. | सिभिल | | ५ |
| ३२ | ना.प्रा.स. | ४ | कृषि | भेट | | २ |
| ३३ | ना.प्रा.स. | ४ | कृषि | | | १ |
| ३४ | कार्यालय सहयोगी | | | | | १७ |
| ३५ | चौकीदार | | | | | १ |
| ३६ | स्विपर | | | | | १ |
| ३७ | सुरक्षा गार्ड | | | | | १ |
| ३८ | ट्रेक्टर चालक | | | | | २ |
| ३९ | हलुका सवारी चालक | | | | | ४ |
| ४० | हेभी सवारी चालक | | | | | १ |
| ४१ | नगर प्रहरी सहायक निरीक्षक | | | | | १ |
| ४२ | नगर प्रहरी जवान | | | | | ७ (चालक १ जना सहित) |
| | **जम्मा** | | | | | **१२१** |

| क्र.सं. | पद | तह/ श्रेणी | सेवा | समूह | उपसमूह | दरवन्दी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| स्वास्थ्य संस्था तर्फ रहने दरवन्दी | | | | | | |
| क. देवदह स्वास्थ्य चौकी, देवदह-५, खैरेनी। | | | | | | |
| **क्र.सं.** | **पद** | **तह/श्रेणी** | **सेवा** | **समूह** | **उपसमूह** | **दरवन्दी** |
| १ | सि.अ.हे.व. | ६ | स्वा. | हे.ई. | | १ |
| २ | सि.अ.न.मि. | ६ | स्वा. | नर्सिङ्ग | | १ |
| ३ | हे.अ. | ५ | स्वा. | हे.ई. | | २ |
| ४ | सि.अ.हे.व. | ५ | स्वा. | हे.ई. | | १ |
| ५ | सि.अ.न.मी. | ५ | स्वा. | नर्सिङ्ग | | १ |
| ६ | ल्याब असिस्टेन्ट | ५ | स्वा. | मे.ल्या.टे. | | १ |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | १ |
| | **बर्थिङ्ग सेन्टर** | | | | | |
| १ | अ.न.मी. | ४ | स्वा. | नर्सिङ्ग | | २ |
| २ | स्वीपर | श्रेणी विहिन | | | | १ |
| ३ | सुरक्षा गार्ड | श्रेणी विहिन | | | | १ |
| ख. केरवानी स्वास्थ्य चौकी, देवदह-२, ढेकावर। | | | | | | |
| १ | सि.अ.हे.व. | ६ | स्वा. | हे.ई. | | १ |
| २ | हे.अ. | ५ | स्वा. | हे.ई. | | २ |
| ३ | सि.अ.हे.व. | ५ | स्वा. | हे.ई. | | १ |
| ४ | सि.अ.न.मि. | ५ | स्वा. | नर्सिङ्ग | | २ |
| ५ | अ.न.मी. | ४ | स्वा. | नर्सिङ्ग | | १ |
| ६ | ल्या.अ. | ४ | स्वा. | मे.ल्या.टे. | | १ |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | १ |
| | **बर्थिङ्ग सेन्टर** | | | | | |
| १ | अ.न.मी. | ४ | स्वा. | नर्सिङ्ग | | २ |
| २ | स्वीपर | श्रेणी विहिन | | | | १ |
| ३ | सुरक्षा गार्ड | श्रेणी विहिन | | | | १ |
| ग. सिक्टहन स्वास्थ्य चौकी, देवदह-१२, ढोलबजवा। | | | | | | |
| १ | सि.अ.हे.व. | ६ | स्वा. | हे.ई. | | १ |
| २ | जनस्वास्थ्य निरिक्षक | ६ | स्वा. | हे.ई. | | १ |
| ३ | हे.अ. | ५ | स्वा. | हे.ई. | | १ |
| ४ | सि.अ.हे.व | ५ | स्वा. | हे.ई. | | १ |
| ५ | सि.अ.न.मि. | ५ | स्वा. | नर्सिङ्ग | | १ |
| ६ | ल्या.अ. | ४ | स्वा. | मे.ल्या.टे. | | १ |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | १ |
| | **बर्थिङ्ग सेन्टर** | | | | | |
| १ | अ.न.मी. | ४ | स्वा. | नर्सिङ्ग | | २ |
| २ | स्वीपर | श्रेणी विहिन | | | | १ |

| क्र.सं. | पद | तह/ श्रेणी | सेवा | समूह | उपसमूह | दरवन्दी |
|---|---|---|---|---|---|---|
| ३ | सुरक्षा गार्ड | श्रेणी विहिन | | | | १ |
| **घ. शहरी स्वास्थ्य केन्द्र, भवानीपुर वडा नं. ४** | | | | | | |
| १ | हे.अ. | ५ | स्वा. | हे.ई. | | १ |
| २ | अ.न.मी. | ४ | स्वा. | नर्सिङ्ग | | १ |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | १ |
| **ङ. सामुदायिक स्वास्थ्य इकाई, चरङ्गे वडा नं. १०** | | | | | | |
| १ | अ.हे.व. | ४ | स्वा. | हे.ई. | | १ |
| २ | अ.न.मी. | ४ | स्वा. | नर्सिङ्ग | | १ |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | १ |
| **स्वास्थ्य संस्था तर्फ देहाय बमोजिमका पदहरु सेवा करारमा रहनेछन्।** | | | | | | |
| **क स** | **पद** | **समूह** | | | | **दरवन्दी** |
| १ | हे.अ. पाँचौ | हे. इ. | | | | १ |
| २ | अ.न.मी . चौथो | प. हे. न. | | | | ८ |
| ३ | अ.हे.व. चौथो | हे. इ. | | | | १ |
| ४ | ल्याव असिटेन्ट चौथो | मे ल्या टे | | | | २ |
| ५ | कार्यालय सहयोगी | | | | | ३ |
| ६ | रात्रीकालिन सुरक्षा गार्ड | | | | | ३ |
| ७ | स्विपर | | | | | ३ |
| | **जम्मा** | | | | | **२१** |

| क्र.सं. | पद | तह | सेवा | समूह | प्रस्तावित दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | एमडी फिजिसियन | ९ | स्वास्थ्य | ज.हे.स. | १ | |
| २ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | ४ | |
| ३ | मेडिकल अधिकृत (डेण्टिष्ट) | ८ | स्वास्थ्य | डेण्टिष्ट्री | १ | |
| ४ | स्टाफ नर्स | ५ | स्वास्थ्य | जनरल नर्सिङ्ग हेल्थ | ३ | |
| ५ | हेल्थ असिस्टेण्ट | ५ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | २ | |
| ६ | कविराज आयुर्वेद सहायक | ५ | स्वास्थ्य | आयुर्वेद | १ | |
| ७ | ल्याब टेक्निसियन | ५ | स्वास्थ्य | मेडिकल ल्याब टेक्नोलोजी | २ | |
| ८ | रेडियोग्राफर | ५ | स्वास्थ्य | रेडियोग्राफी | १ | |
| ९ | फार्मेसी सहायक | ५ | स्वास्थ्य | फार्मेसी | २ | |
| १० | डेण्टल हाइजिनिष्ट | ५ | स्वास्थ्य | डेण्टिष्ट्री | १ | |
| ११ | अ.न.मी. | ४/५ | स्वास्थ्य | नर्सिङ्ग | १ | |
| १२ | अ.हे.व. | ४ | स्वास्थ्य | हे.ई. | १ | |
| १३ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा.प्रशासन | २ | |

| क्र.सं. | पद | तह | सेवा | समूह | प्रस्तावित दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १४ | सरसफाईकर्मी | श्रेणी विहिन | प्रशासन | सा.प्रशासन | २ | |
| १५ | सुरक्षा गार्ड | श्रेणी विहिन | | | २ | सेवा करार |
| जम्मा | | | | | २६ | |

## ३.२ नगरपालिकाको संस्थागत विकासको अवस्थाः-

सबल पक्ष-

- नगरपालिकाका आवश्यक ऐन, कानुन निर्देशिका तथा कार्यविधि तयार भई कार्य सम्पादन सहजता भएको।
- न्यायिक समिति मार्फत न्याय निरुपण राम्रो भएको।
- महिला बिरुद्ध हुने हिंसामा कमी आएको ।
- विभिन्न समितिहरुको गठन भई आ- आफ्नो कार्य जिम्मेवारीमा क्रियाशिल रहेको।
- जनप्रतिनिधिहरुको एकता र सामुहिकता सुदृढ रहेको।
- निर्णय गर्न र कार्यन्वयन गर्न सहज भएको।
- आन्तरिक समन्वय र सहकार्य राम्रो भएको।
- सेवा प्रवाह र सुशासन सन्तोषजनक रहेको।
- सार्वजनिक बित्तको परिचालनमा मितव्ययीता भएको।
- कर्माचारीहरुविचको समुह भावना र एकता भएको।
- वार्षिक योजना तर्जुमा निति तथा कार्यक्रम समयमा तयार र पारित भएको।
- प्रतिबेदन तथा अभिलेख व्यवस्थापन राम्रो भएको।
- आय- व्यय पारदर्शि तथा कानुन बमोजिम भएको।
- स्वस्थ वातावरण र सरसफाई राम्रो भएको।
- O&M survey सम्पन्न भएको।
- सबै शाखाको कार्यसम्पादन सन्तोषजनक भएको।
- बेरुजु नियन्त्रणमा जोड दिएको।

दुर्वल पक्षः-

- कर्मचारीलाई सेवा प्रवेश तालिमको व्यवस्था नभएको।
- तालिम आवश्यकता पहिचान तथा तालिमको अवसरको कमी भएको।
- आन्तरिक स्रोतको बृद्धि र परिचालन अपेक्षित नभएको।
- जोखिममा आधारित आन्तरिक नियन्त्रण प्रणालि नभएको।
- लैंगिक उत्तरदायी बजेट परीक्षणको व्यवस्था नभएको।
- मध्यमकालिन खर्च संरचना तयार नभएको।

- संविधान प्रदत्त अधिकारको कार्यान्वयनमा जनप्रतिनिधिहरुको ज्ञान सीप क्षमता र अनुभव अपेक्षित नभएको।

**३.३ नगरपालिकाको कार्यालय पुर्वाधार तथा कार्यालय उपकरणको अवस्थाः-**

यस नगरपालिकाको पुर्वाधार तथा उपकरणको विवरण देहाय अनुसार रहेको छ।

| क्र.स | पुर्वाधार/उपकरण | संख्या |
|---|---|---|
| १ | नगरपालिका भवन | १ |
| २ | वडा कार्यालय भवन | १२ |
| ३ | नगरअस्पताल भवन | निर्माणधिन |
| ४ | स्वास्थ्य चौकी भवन | १२ |
| ५ | दमकल | १ |
| ६ | एम्बुलेन्स | छैन |
| ७ | जे.से.वी | १ |
| ८ | ट्याक्टर | २ |
| ९ | चारपाग्रे गाडी | ४ |
| १० | मोटरसाईकल | २६ |

### ३.४ नगरपालिकाको विद्यमान अवस्था र अपेक्षित अवस्था विचको अन्तरालः-

यस नगरपालिकाको विद्यमान मानव संसाधन विकास, विष्लेषण गर्दा देहाय अनुसार पाइयो।

| क्षेत्र | वर्तमान अवस्था | अपेक्षित अवस्था | कार्य सम्पादनमा देखिएको अन्तराल |
|---|---|---|---|
| | जनप्रतिनिधि | | |
| मानव संसाधन विकास | ✓ संविधान प्रदत्त अधिकारको कार्यान्यवनमा ज्ञान सीप क्षमता र अनुभवको कमी।<br>✓ कानुन बनाउने ज्ञान र सीपको कमी<br>✓ सुचना तथा संचार प्रविधि सम्बन्धी ज्ञान तथा अभ्यासको कमी<br>✓ योजनाको कार्यान्वयन अनुगमन समीक्षा तथा अभिलेखको कमी<br>✓ नेतृत्व टोली निर्माण समन्वयको कमी<br>✓ दिगो विकासको स्थानीयकारणको कमी<br>✓ प्रगतिशिल कर र आन्तरिक आयबृद्धि सम्बन्धि ज्ञानको कमी<br>✓ GRB सम्बन्धी ज्ञानको कमी।<br>✓ जलवायू परिवर्तन र वातावरण प्रवर्द्धन सम्बन्धी ज्ञानको कमी। | ✓ संविधान प्रदत्त अधिकारको प्रभावकारी कार्यान्यवन<br>✓ सक्षम स्थानीय सरकारको लागी आवश्यक सबै कानुन तयार र कार्यान्वयन<br>✓ सुचना तथा संचार प्रविधिमा पोख्त जनप्रतिनिधि<br>✓ योजनाको कार्यान्वयन अनुगमन समीक्षा तथा व्यवस्थापन<br>✓ नेतृत्व टोली निर्माण समन्वय गर्न सक्ने<br>✓ दिगो विकास लक्ष्य स्थानीयकारण गर्न सक्ने<br>✓ स्थानीय स्रोत साधानको पहिचान<br>✓ GRB सम्बन्धी ज्ञानको पहिचान<br>✓ जलवायू परिवर्तन र वातावरण प्रवर्द्धन सम्बन्धी ज्ञानको विकास | ✓ संविधान प्रदत्त अधिकारको प्रभावकारी कार्यान्यवनमा अपेक्षित प्रगति नहुनु<br>✓ आवश्यक नीति नियम कानुन नहुदा नियमित कामहरु प्रभावित<br>✓ सूचना तथा प्रविधिको प्रयोग गर्न कठिनाइ<br>✓ योजनाको कार्यान्वयन अनुगमन समीक्षा तथा अभिलेखको व्यवस्थापन अपेक्षित नहुनु<br>✓ नेतृत्व टोली निर्माण समन्वय नहुनु<br>✓ दिगो विकास लक्ष्य स्थानीयकारण सुरु नभएको<br>✓ प्रगतिशिल कर र आन्तरिक आयबृद्धिको काम नभएको<br>✓ GRB सम्बन्धी कार्य नभएको<br>✓ जलवायू परिवर्तन र वातावरण प्रवर्द्धन सम्बन्धी कार्यको थालनी नभएको। |
| | | | |

| क्षेत्र | वर्तमान अवस्था | अपेक्षित अवस्था | कार्य सम्पादनमा देखिएको अन्तराल |
|---|---|---|---|
| | कर्मचारी | | |
